# पाख्रीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पाख्रीबास, धनकुटा

२०७३

१ नं. प्रदेश नेपाल


प.सं.:- २०७७/०७८

च.नं.:- ३३९

मिति : २०७७/०५/२१

## घरनक्सा पास सम्बन्धी अत्यन्तै जरुरी सूचना !

यस पाख्रीबास नगरपालिका क्षेत्रमा कुनै पनि स्थायी/अस्थायी घर लगायतका भौतिक संरचनाहरुको निर्माण गर्नु पूर्व यस कार्यालयमा निर्माण स्वीकृति लिएर मात्र भौतिक निर्माण कार्य शुरु गर्न हुन यस सूचना जारी गरिएको छ, साथै हाल सम्म यस कार्यालयमा नक्सा पास नभएका पुराना घरहरु/संरचनाहरु अभिलेखीकरण गर्न हुन यो सूचना जारी गरिएको छ।

**नक्सा पास तथा निर्माण इजाजतको लागि निम्न बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ :**

१. निर्माण गरिने घरको नक्सा (न.पा.द्वारा तोकिएको ढाँचा) - ३ प्रति
२. स्ट्रक्चर डिजाईन नक्सा - ३ प्रति। (आवश्यक भएमा )
३. जग्गाधनी प्रमाण पर्जाको प्रतिलिपि - १ प्रति।
४. चालु आर्थिक वर्ष घरजग्गा कर तिरेको रसिदको प्रतिलिपि - १ प्रति।
५. नेपाली नागरिकता प्रमाण-पत्र प्रमाणित प्रतिलिपि -१ प्रति।
६. कित्ता नं. स्पष्ट भएको नापी नक्साको प्रमाणित प्रतिलिपी - १ प्रति।
७. घर नक्सा तयार गर्ने प्राविधिकको न.पा. मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि - १ प्रति।
८. नक्सा पास तथा निर्माण इजाजतको लागि मञ्जुरीनामाको हकमा वडा अध्यक्ष वा नक्सा पास उपशाखाको रोहवरमा मञ्जुरीनामा गरेको पत्र र मञ्जुरीनामा दिने लिने दुबैको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
९. बाटोको लागि मञ्जुरीनामा दिएको अवस्थामा वडा अध्यक्षको रोहवरमा मञ्जुरीनामा गरेको पत्र, मञ्जुरीनामा दिने बाटो परेको जग्गाको लालपुर्जा, चालु आर्थिक वर्षको घरजग्गा कर तिरेको रसिद तथा कित्ता नापी नक्साको एक-एक प्रति प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
१०. गुठीको जग्गा भए सम्बन्धित गुठीको सिफारिस पत्र।
११. नक्सावाला मोही भएमा जग्गा सुरक्षित राखिएको भए सम्बन्धित निकायको स्वीकृती पत्र।
१२. कुनै निकायमा धितोको लागि जग्गा वारेशनामाको साथमा वारेसको नेपाली नागरिकताको प्रमाण पत्रको एक प्रति प्रमाणित प्रतिलिपि।
१३. वारेश राखी नक्सा पास गर्ने भएमा वारेशनामाको साथमा वारेशको नेपाली नागरिकताको प्रमाण पत्रको एक प्रति प्रमाणित प्रतिलिपि।
१४. पासपोर्ट साईजको फोटो ४ प्रति।

०७७/५/२१

डिक बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत
उप-सचिव

प्रमुख प्रशासकीय अधिकृत

**थप जानकारीको लागि :**

**पाख्रीबास नगर कार्यपालिकाको कार्यालय।**

**सम्पर्क न. : ०२६- ४०५१६७**